नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

अनुमतिपत्र महाशाखा

(..............................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२

फ्याकसः ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः(अनुमतिपत्र) ०८०/८१

चलनी नं.:- ९६५

मिति: २०८०/१०/१७

विषयः हाईटार - सितलपाटी (अरुण कोरिडोर) ४०० के.भी. विद्युत प्रसारण लाईन आयोजनाको सम्बन्धमा ।

श्री जिल्ला समन्वय समिति, खाँदबारी, संखुवासभा ।
श्री चिचिला गाउँपालिका, चिचिला, संखुवासभा ।
श्री मकालु गाउँपालिका, नुम, संखुवासभा ।
श्री अरुण तेस्रो तथा हाईटार - सितलपाटी(कोशी कोरिडोर) ४०० के.भी.प्रसारण लाइनबाट अतिक्रमित स्थानिबासी तथा सरोकारवालाहरु, चिचिला गाउँपालिका-१,२,३, संखुवासभा ।

प्रस्तुत विषयमा तँहाबाट हाईटार - सितलपाटी(अरुण कोरिडोर) ४०० के.भी. विद्युत प्रसारण लाईन आयोजनाको सम्बन्धमा प्राप्त लिखित राय प्रतिक्रिया उपर प्रवर्द्धक श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडबाट तपशिल बमोजिमको राय प्रतिक्रिया प्राप्त भएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

तपशिलः

१. प्रसारण लाईन अधिकार क्षेत्र (RoW) भित्र पर्ने जस्ता, घर, टहरा, रुख-बिरुवा आदिको क्षतिपूर्तिको लागि विद्युत ऐन, २०४९ को दफा ३३ तथा विद्युत नियमावली, २०५० को नियम ८८ बमोजिम गठित क्षतिपूर्ति समितिलाई सम्भव भएसम्म उचित मूल्य पाउने पहल गरिने छ र उक्त समितिले निर्धारण गरिएको क्षतिपूर्ति उपलब्ध गराइने छ।

२. पहिचान गरिएका विभिन्न वैकल्पिक मार्गहरु मध्ये प्राविधिक, भौगोलिक, वातावरणीय तथा सामाजिक आधारमा तुलना गरी उपयुक्त मार्ग छनौट गरी प्रस्तावित प्रसारण लाईन आयोजनाको विस्तृत अध्ययन तथा इन्जिनियरिङ्ग डिजाइन कार्य सम्पन्न गरिएको छ । सो क्षेत्रका स्थानीय बासिन्दा, स्थानीय निकाय र अन्य सरोकारवालाले यस कम्पनीमा राय सुझाव सहितको ज्ञापन पत्र बुझाएको र सो सम्वन्धमा उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका माननीय मन्त्रिज्यूको उपस्थितिमा मन्त्रालयका सचिव, कम्पनीको प्रमुख कार्यकारी अधिकृत, स्थानीय सरोकारवालाहरु बीच प्रसारण लाईनको प्रस्तावित मार्गको बारेमा विस्तृत छलफल गरिएको थियो । सरोकारवालबाट सुझाब गरिएको मार्ग समेत चुनौतीपूर्ण रहेको र प्रस्तावित प्रसारण लाईनको बिस्तृत इन्जिनियरिङ्ग अध्ययन सम्पन्न भईसकेको विषयलाई मध्यनजर गर्दा मार्ग परिवर्तन गर्न उचित नहुने तर निर्माणको क्रममा केहि छुटपुट कार्य गर्न उपयुक्त देखिएमा सरोकारवालाहरुसँग समन्वय गरी उपयुक्त समाधान निकाल्न सकिने छ ।

३. फिल्डबुकमा नाम दर्ता भएका तर धनी पूर्जा नभएको जग्गाधनीहरुको हकमा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम गठित मुआब्जा निर्धारण समितिबाट सिफारिस भई नेपाल सरकारबाट निर्णय भए बमोजिमको क्षतिपूर्ति जग्गाधनीहरुलाई उपलब्ध गराउन कम्पनीलाई बाधा पर्ने छैन।

४. आयोजना प्रस्तावित क्षेत्रमा उत्पादित विद्युतहरुलाई सम्भव भएसम्म एउटै प्रसारण लाईनबाट राष्ट्रिय ग्रिडमा समाहित गर्ने गरी यो आयोजना परिकल्पना गरि बिस्तृत इन्जिनियरिङ्ग गरिएको व्यहोरा अनुरोध छ।

...............................
(कर्सन महर्जन)
इन्जिनियर